## उच्च अदालत तुलसीपुर, नेपालगंञ्ज इजलास

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री राजेश कुमार काफ्ले

**आदेश**

दायरी नं.०७६-WO-०१२४

मुद्दाः- परमादेश ।

अधिवक्ता श्री सुनिल कुमार श्रेष्ठ समेत......................................................................१ निवेदक

विरुद्ध

जिल्ला प्रशासन कार्यालय, बाँके समेत......................................................................१ विपक्षी

निवेदन व्यहोरा पेश भई निवेदकहरु अधिवक्ता श्री सुनिल कुमार श्रेष्ठ, अधिवक्ता श्री विश्वजीत तिवारी, अधिवक्ता श्री राम कुमार दिक्षित, अधिवक्ता श्री सुरेश कुमार गौतम, अधिवक्ता श्री बसन्त गौतम तथा निवेदकहरुका तर्फवाट उपस्थित रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री भोलासिंह हमाल, अधिवक्ता श्री गणेश प्रसाद शर्मा, अधिवक्ता श्री राकेश बहादुर श्रीवास्तव, अधिवक्ता श्री विजय कुमार शर्माले गर्नु भएको बहस समेत सुनियो ।

यसमा के-कसो भएको हो? निवेदकको निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुनु पर्ने नपर्ने के हो ? आदेश जारी हुनु नपर्ने कुनै आदेश ,कारण र प्रमाण भए सो समेत साथै राखी बाटाका म्याद बाहेक १५(पन्ध्र) दिन भित्र विपक्षी नं.३६ र ३७ का हकमा महान्यायधिवक्ताको कार्यालय काठमाडौं मार्फत, विपक्षी नं. ३२, ३३, ३४ र ३५ का हकमा मुख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश नं.५ बुटवल मार्फत, विपक्षी नं. १, २, ३, ४, ५, ६, १५, १६, १७, १८, १९, २०, २२, २३ र ३१ का हकमा उच्च सरकारी बकिल कार्यालय नेपालगंज मार्फत र बिपक्षी नं.८, ९, १०, ११, १२, १३, १४, २१, २४, २५, २६, २७, २८, २९ र ३० का हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनि प्रस्तुत आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरुका नाउँमा सूचना म्याद जारी गरी लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछी नियमानुसार पेश गर्नु ।

अन्तरिम आदेश माग गरेको सम्बन्धमा निवेदकहरुले स्थानीय तहमा असंगठित क्षेत्रमा कार्यरत श्रमिक तथा असहायहरुलाई राहत सम्बन्धी मापदण्ड अनुसारको मात्रा र गुणस्तरिय

राहत वितरण नभएको,राहत खरीद वितरणको कार्य तथा कोरोना कोषमा के कति रकम प्राप्त भएको छ कुन शीर्षकमा राहत रकम खर्च भएको छ सो को पारदर्शिता कायम नभएको ,बाँके बर्दियाका नागरिकहरुको निशुल्क कोरोना परीक्षण र उपचारको व्यवस्था लकडाउनको पालना सम्बन्धी अनुगमन नभएको बिषय उठाई प्रस्तुत सार्वजनिक सरोकारको निवेदनमा स्थानीय तहका श्रमिक र असहाय बर्गलाई राहात सम्बन्धी मापदण्ड बमोजिम मात्रा र गुणस्तरिय राहात बितरण गर्नु गराउनु,राहात खरीद र बिरतणको अभिलेख वेभसाईटमा राख्नु, कोरोना माहामारी रोकथाम न्युनीकरण निति निर्देशिकमा तत्काल बनाई अवलम्बन गर्नु,कोरना कोषको रकमको श्रोत र सो को खर्च पारदर्शि गरि प्रकासन गर्नु,जेष्ठ तथा अपाङ्ग नागरिकहरुलाई घरमै सामाजिक सुरक्षा भत्ता पुऱ्याउने व्यवस्था गर्नु तथा बाँके बर्दियाका नागरिकहरुलाई निशुल्क कोरोना परीक्षण तथा उपचार तत्काल गर्नु गराउनु,कोरोना पोजेटिभ देखिएका मानिसहरुलाई आईसोलेसनको मापदण्ड अनुसार औषधी उपचार गर्नु गराउनु भन्ने लगायतको आदेश गरी पाँउ भनी अन्तरिम आदेशको माग गरेको देखियो।

विश्वभरी नै फैलिएर अक्रान्त पारिरहेको कोभिड १९ को महामारीले नेपाल पनि अछुतो रहेको अवस्थामा छैन।नेपालमा कोभिड १९ को संक्रमण तीब्र गतीले बढीरहेको अवस्था छ।कोरोना संक्रमणको रोकथाम र नियन्त्रण गर्न सरकारले देश पुरै लकडाउन गरेको अवस्था छ।लकडाउनको उद्देश्य,यसको उपयोगिता सामाजिक दुरी कायम गर्ने लगायतका पालना गरिनुपर्ने कर्तव्यको पालना भई राज्य र जनताको तहबाट समन्वयात्मक र उत्तरदायी रुपमा पारदर्शी रुपमा कार्य भएमा मात्र यस महामारीबाट उन्मुक्ति पाउने अवस्था हुन्छ।

नेपालको संविधानको धारा १६(१) ले प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक बाँच्न पाउने हक प्रदान गरेको छ।त्यसैगरी धारा ३५(३) ले प्रत्येक नागरिकलाई स्वास्थ्यको समान पहुँचको हक सुरक्षित गर्नुका साथै धारा १८(१) ले सबै नागरिक कानूनको दृष्टीमा समान भएकाले कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन भन्ने संवैधानिक व्यवस्था समेत रहेको पाईन्छ।नागरिकका अन्य सबै हकहरु भन्दा जीवनको हक (Right to life) को स्थान सर्वोच्च र सर्वोत्तम हुने निर्विबाद छ।यस महामारीका कारण नेपाल भित्र रहेका हरेक व्यक्तिको संविधान प्रदत्त सम्मानपुर्वक बाँच्ने हक,खाद्य सम्बन्धी हक,स्वास्थ्य सम्बन्धी हक,सामाजिक सुरक्षाको हक लगायतका हक समेत प्रभावित भैरहेको अवस्था छ।नागरिकका यी हकहरुको संरक्षणको कुरा राज्यलाई चुनौतिपुर्ण बनेको छ भने नागरिकका यी हकको रक्षा गरी कार्यान्वयन गर्नु गराउनु पर्ने प्रथम दायित्व र कर्तव्य समग्र राज्य र राज्य संयन्त्रको नै रहेको हुन्छ।

कोरोना संक्रमणको महामारीले हाल श्रृजित परिस्थितिको सन्दर्भमा सार्वजनिक सरोकारको बिषय भनी दायर भएको प्रस्तुत रिट निवेदनमा उठाईएका कुराहरु,नेपालको संविधान तथा नेपाल पक्ष रहेका मानव अधिकार सम्बन्धी महासन्धीका व्यवस्थाहरुद्वारा प्रत्याभुत जीवन

जीविका,स्वास्थ्य,समानता,सम्मान र सुरक्षा समेतका हकहरूलाई दृष्टीगत गरी हाल यस कोरोना संक्रमणको अवस्थालाई समयमै नियन्त्रण गर्नु महत्वपुर्ण रहेको र समय भित्र नियन्त्रणका कार्यहरू हुन नसकेमा भयावह स्थितिको सिर्जना हुन सक्ने अवस्थाको आकलन गर्दै तत्काल देहाय बमोजिम हुनुपर्ने देखिएकाले नेपालको संविधानको धारा १४४ तथा उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) बमोजिमको अन्तरिम आदेश जारी गरिदिएको छ।

१. विपक्षीहरु ले आफ्नो स्थानिय तहमा असगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरु कति छन् सो अधिकारिक तथ्याङ्क सकंलन गरी गराई आ आफ्नो वेबसाइटमा तत्काल प्रकाशित गरी राख्नु र आर्थिक रुपमा विपन्न, श्रमिक र राहत आवश्यक परेका नागरिकको पहिचान गरी घरघरमा नै गएर सुरक्षित साथ असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड अनुसारको मात्रा र गुणस्तरिय राहत वितरण गर्नु गराउनु' ।
२. नागरिक समाज नागरिक सरोकार वालाहरु सग लोकतान्त्रिक पद्ति र सहभागिता मुलक तरिका छलफल गरी गराई कोरोना महामारी रोकथाम न्यूनीकरण निति निर्देशिका तत्काल बनाई अवलम्बनमा ल्याउनु ।
३. असगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड अनुसारसुशासनको मापदण्ड अपनाई राहत खरिद वितरण को कार्य गर्नु ।
४. जेष्ठ नागरिक असक्त व्यक्तिहरूलाई कोरोनाको महामारी मा सामाजिक सुरक्षा भत्ता निजको घरदैलो ठेगाना मा पाउने व्यवस्था तत्काल गर्नु ।
५. बाके र बर्दिया को सबै नागरिकसमेतहरुको विना भेदभाव सम्मानपुर्वक तरिकाले तदारुकताको साथमा सम्भव भए निशुल्क कोरोना परिक्षण सम्भव नभए न्युनतम रकम लिइ र उपचार तत्काल र तदारुकता साथ गर्नु।
६. लकडाउन (बन्दाबन्दी) को पूर्ण परिपालना नै कोरोना भाइरस संक्रमणको रोकथाम तथा नियन्त्रणको मूल आधार भएको र आफ्नु परिवार र समाजलाई संक्रमण हुनबाट सुरक्षित राख्ने आधार पनि लकडाउन नै भएको हुँदा लकडाउनको पूर्ण रुपमा परिपालना (सामाजिक दुरी कायम, मास्क र पंजाको प्रयोग, सरसफाई आदि) गर्नु गराउनु, लकडाउनको परिपालना भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नु गराउनु ।
७. मापदण्ड अनुसार क्वारेन्टाईनमा सेवा सुविधा स्वास्थ्यकर्मी समेतको उपलब्ध हुने नगरेको हुँदा क्वारेन्टाईनको उद्देश्यलाई मध्यनजर राखी मापदण्ड अनुसार नै क्वारेन्टाईनमा सेवा सुविधा स्वास्थ्यकर्मी समेत उपलब्ध गर्नु गराउनु, व्यवस्थित र सुरक्षित साथ क्वारेन्टाईन संचालन गर्नु गराउनु,

क्वारेन्टाईनबाट कुनै पनि नागरिक भाग्न र सम्मानपुर्वक जिवनको अधिकार बाट वन्चित नपाउने गरी उचित सुरक्षाको व्यवस्था गर्नु गराउनु,

८. बाँके र बर्दिया जिल्लाको दक्षिण सिमाना भारत भएका कारण उक्त सिमानाक्षेत्रबाट लुकीछिपि भारतबाट नेपाल प्रवेश गर्ने गरेको र कोरोना भाईरससंक्रमितको संख्या हेर्दा भारतबाट नेपाल प्रवेश गरेका नागरिकमा वढी देखिएको यस संवेदनशील अवस्थालाई दृष्टिगत गरी भारतीय सिमाना बाट लुकीछिपी नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल भारत सिमाक्षेत्रमा प्रभावकारी सुरक्षा व्यवस्था गर्नु गराउनु, भारतबाट नेपाल प्रवेश गरेका नागरिकहरुलाई अनिवार्य रुपमा निश्चित अवधिसम्म क्वारेन्टाईनमा राख्नु राख्न लगाउनु, ।

९. बाँके बर्दियाको दक्षिण सिमाना भारत संग जोडिएको खुला सिमानाका कारण भारतबाट तरकारी, फलफूल, दुग्धजन्य पदार्थ समेत बिभिन्न माध्ययमबाट नेपालमा आयात गर्ने गरिएको र सो कार्य तत्काल नरोकिएका खण्डमा कारोना भाईरसको संक्रमण थप फैलिन सक्ने अवस्था विद्यमानता रहेभएकोले तरकारी, फलफूल र दुग्धजन्य पदार्थ परीक्षण गरेर र कोरोना भाईरस संक्रमण नहुने सुनिश्चित भए मात्रै भारत बाट आयात गर्न दिनु र जभाभावी नेपालमा प्रवेश गर्न र बेचविखन गर्न नदिनु ।

१०. बाँके बर्दियाको दक्षिण सिमानामा भारत संग जोडिएको खुला सिमानाका कारण सुर्तिजन्य वस्तु (खैनी, श्यामवहार, पान पराग, पान मसला आदि) निरन्तर रुपमा नेपालमा आयात भईरहेको र बाँके बर्दियामा समेत सुर्तिजन्य वस्तुको धेरै प्रयोग हुने गरेको छ । सुर्तिजन्य वस्तुको सेवन गर्दा सेवनकर्ताले जथाभावी थुक्ने गरेका छन् । थुक, र्‍याल आदि बाट समेत कोरोना भाईरसको संक्रमण एक अर्कामा सर्नसक्ने विज्ञहरुको भनाईरहेको हुँदा सुर्तिजन्य वस्तुको सेवनबाट पनि सो संक्रमण सर्न सक्ने सम्भावना रहेको देखिन्छ । तसर्थ कोरोना कहरको अवधिभर सुर्तिजन्य वस्तुको आयात, बिक्री वितरण तथा सेवन समेत नगर्नु नगराउनु, सो सम्वन्धमा अनुगमन र नियन्त्रण गर्नु गराउनु ।

११. कोरोना पोजेटिभ देखिएका मानिसहरुलाई आइसोलेशनको मापदण्ड अनुसार वनेको आइसोलेशन स्थानमा व्यक्तिहरुलाई औषधी उपचार गर्न गराउनको लागिराख्दा बाधा अवरोध नगर्नु सम्मान पुर्वक तरिकाले औषधी उपचार समेत गर्नु गराउनु ।

न्यायाधीश

इति सम्वत् २०७७ साल जेष्ठ महिना ११ गते रोज १ शुभम्-----------------------------------।